३

## छलफल तथा निर्णयहरु

१. भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट प्राप्त 'डडेलधुरा र बैतडी जिल्लामा पर्ने उग्रतारा-मेलौली-पन्चेश्वर (महाकाली) सडक आयोजना' लाई आ.व. २०७६/७७ को बजेट उपशीर्षक नं. ३३७०११६९ अन्तरगत वैकल्पिक राजमार्ग विकास कार्यक्रममा समावेश गर्ने सम्बन्धमा आयोगको राय माग भई आएको सम्बन्धमा नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को बैठकबाट स्वीकृत 'संघ, प्रदेश र स्थानीय तहको कार्य जिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६' को अधिनमा रही संघबाट सञ्चालन गर्ने प्रकृया अगाडि बढाउन सहमति प्रदान गर्ने।

२. निर्वाचन आयोग, नेपालबाट राष्ट्रिय योजना आयोगको राय / सुझाव / प्रतिक्रियाका लागि प्राप्त 'निर्वाचन आयोग, नेपालको तेस्रो पञ्चवर्षीय रणनीति योजना (२०७६/७७-२०८०/८१)' सम्बन्धमा सुशासन तथा सामाजिक विकास महाशाखाबाट बैठकमा प्रस्तुत राय/सुझावका आधारमा माननीय उपाध्यक्ष र विषयक्षेत्रगत माननीय सदस्यको संयोजनमा आयोगको बैठकमा प्राप्त सुझावहरुलाई समेत समेटी निर्वाचन आयोगमा पठाउने।

३. पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत 'अनुदानसम्बन्धी राष्ट्रिय खाका (National Framework) तयार पार्ने सम्बन्धी अवधारणा-पत्र' स्वीकृत गर्ने। अनुदानसम्बन्धी राष्ट्रिय खाका तयार गर्न माननीय सदस्य डा. दिलबहादुर गुरुङको अध्यक्षतामा अनुदान दिने कार्यमा संलग्न रहने मन्त्रालयका योजना महाशाखा हेर्ने सह-सचिव सदस्य र आयोगको पूर्वाधार तथा उत्पादन महाशाखाका सह-सचिव सदस्यसचिव रहने गरी निर्देशन समिति गठन गर्ने र उक्त समितिले २०७६ माघ मसान्तसम्ममा आयोगमा पेश गर्ने गरी आवश्यक कार्य अघि बढाउने।

४. पूर्वाधार तथा उत्पादन महाशाखाबाट प्रस्तुत 'प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाको पुनरावलोकन अध्ययन' का लागि तयार पारिएको कार्यक्षेत्रगत शर्त (ToR) स्वीकृत गर्ने। उल्लिखित अध्ययन कार्यको कार्यक्षेत्र, आवश्यक पर्ने विषय विषेशज्ञता एवम् विविधता, परियोजनाको आकार, समयावधि, पहुँच तथा अपेक्षित उपलब्धि लगायतका महत्वपूर्ण पक्षहरुलाई दृष्टिगत् गर्दै काठमाडौं विश्वविद्यालयबाट अध्ययन कार्य गराउन उक्त विश्वविद्यालयसँग आशय-पत्र माग गरी माननीय सदस्य डा. दिलबहादुर गुरुङको संयोजनमा कार्य अघि बढाउने।

५. नेपाल जनशक्ति प्रक्षेपण तथा मानव संशाधन विकास योजना सम्बन्धी प्रतिवेदन (मस्यौदा) सम्बन्धमा आयोगमा प्रस्तुति भई जानकारी प्राप्त भयो।